बैठक संख्या-०६/२०८१/०८२

आज मिति २०८१/१२/०७ गते बिहिबारका दिन यस रतुवामाई नगरपालिका, सिजुवा, मोरङ्गका नगर प्रमुख श्री नागेश्वर प्रसाद सिंह गन्गाईज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक तपसिल अनुसारको उपस्थितिमा बसी देहायको प्रस्तावहरु माथि छलफल गरी निर्णय पारित गरियो।

| क्र.सं. | नाम/थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री नागेश्वर प्रसाद सिंह गन्गाई | नगर प्रमुख | |
| २. | श्री दमयन्ता देवी चुडाल | नगर उप-प्रमुख | |
| ३. | श्री घनश्याम गिरी | १ नं. वडाध्यक्ष | |
| ४. | श्री जिमारत मियाँ | २ नं. वडाध्यक्ष | |
| ५. | श्री देवी लाल ताजपुरिया | ३ नं. वडाध्यक्ष | |
| ६. | श्री महावीर प्रसाद गन्गाई | ४ नं. वडाध्यक्ष | |
| ७. | श्री सोमनाथ कार्की | ५ नं. वडाध्यक्ष | |
| ८. | श्री टेक बहादुर लिम्बु | का.वा.वडाध्यक्ष-६ | |
| ९. | श्री राम कार्की | ७ नं. वडाध्यक्ष | |
| १०. | श्री पुष्प बहादुर कार्की | ८ नं. वडाध्यक्ष | |
| ११. | श्री इन्द्र बहादुर लिम्बु | ९ नं. वडाध्यक्ष | |
| १२. | श्री भुल बहादुर कार्की | १० नं. वडाध्यक्ष | |
| १३. | श्री कल्याणी कुमारी ताजपुरिया | कार्यपालिका सदस्य | |
| १४. | श्री केचकनिया हरिजन | कार्यपालिका सदस्य | |
| १५. | श्री गीता कुमारी लिम्बु | कार्यपालिका सदस्य | गीता |
| १६. | श्री गोमा हस्दा सतार | कार्यपालिका सदस्य | गोमा |
| १७. | श्री ज्योती परियार | कार्यपालिका सदस्य | ज्योती |
| १८. | श्री प्रेम बहादुर राई | कार्यपालिका सदस्य | |
| १९. | श्री लुखीराम हस्दा | कार्यपालिका सदस्य | |
| २०. | श्री हरि बहादुर राई | कार्यपालिका सदस्य | |
| २१. | श्री डम्मरु बल्लभ बराल | सचिव (प्र.प्र.अ.) | |

Scanned with CamScanner

**प्रस्ताव तथा निर्णयहरु :-**

१. **प्रमुख प्रशासकीय अधिकृत ज्यूको स्वागत तथा परिचय सम्बन्धमा।**

प्रस्ताव नं १ माथि छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८१ साल फाल्गुन २१ गतेको पत्र बमोजिम यस कार्यालयमा प्रमुख प्रशासकिय अधिकृतको रुपमा मिति २०८१ साल फाल्गुन २९ गते हाजिर हुनु भएको उप-सचिव श्री डम्मरु बल्लभ बरालज्यूलाई हार्दिक स्वागत गर्दै परिचय गर्ने कार्य गरियो।

२. **हिउँदे नगरसभा सम्बन्धमा।**

रतुवामाई नगरपालिकाको आ.व २०८१/८२ को हिउदे नगरसभा अर्थात रतुवामाई नगरपालिकाको १५ औं नगरसभा मिति २०८१ साल चैत्र १४ गते विहिबारका दिन रतुवामाई ७ विश्वनाथ मन्दिरको सभाहलमा सम्पन्न गर्ने।

३. **बजेट रकमान्तर तथा योजना संशोधन सम्बन्धमा।**

यस रतुवामाई नगरपालिकाको चालु आ.व २०८१/८२ का लागि स्वीकृत कार्यक्रम तथा बजेट रकमान्तर तथा संशोधन गर्नु पर्ने योजनाहरु नगरपालिका अन्तर्गत विषयगत शाखा तथा वडा समितिहरुले २०८१ साल १२ महिना १० गते सम्म रतुवामाई नगरपालिकाको कार्यालयमा पेस गर्नुपर्ने र सोहि अनुसार पत्राचार गर्ने।

४. **निजी प्रयोजनको लागि नदिजन्य पदार्थ भरौट बालुवा सम्बन्धमा।**

रतुवामाई नगरपालिका क्षेत्र भित्र रहेका व्यक्तिको स्वामित्वमा रहेको निजी जग्गाबाट बालुवा तथा भरौटको आफ्नो व्यक्तिगत प्रयोजनको लागि उत्खनन् गर्दा चालु आर्थिक वर्षको लागि कोशी प्रदेश सरकार, विराटनरको आर्थिक ऐन,२०८१ बमोजिम शुल्क नलाग्ने गरी कार्यालयको सिफारिसका आधारमा स्वीकृति प्रदान गर्ने र सो विषयको सम्बन्धमा सम्पूर्ण जवाफदेहिता सम्बन्धित वडामा रहने तर विक्रि वितरण प्रयोजनको लागि भने तोकिए बमोजिमको दस्तुर लिई स्वीकृति प्रदान गर्ने।

५. **आर्थिक सहायता सम्बन्धमा।**

यस नगरपालिकाको कार्यालयमा हालसम्म वडा कार्यालयको निर्णय सहित सिफारिस भई आएका मृगौला फेर्नुपर्ने, डायलासिस गर्नुपर्ने, क्यान्सर रोगी, मुटुको शल्यक्रिया गर्नुपर्ने, मष्तिष्कघात जस्ता जटिल प्रकृतिको रोगहरुबाट पिडित भएको खुल्ने गरी सम्बन्धित चिकित्सक वा अस्पतालको प्रमाणित कागजात पेश गरेको आधारमा तपसिलको विरामीहरुलाई निम्न बमोजिम आर्थिक सहायता उपलब्ध गराउने।

| क्र.सं | विरामीको नाम र ठेगाना | रोगको प्रकृति | आर्थिक सहायता रकम रु. |
|---|---|---|---|
| १ | मोहम्मद सबिर वडा नं.- ५ | मुटुको भल्ब फेर्नुपर्ने | ५० हजार |
| २ | दया सुन्दर शर्मा वडा नं.-६ | मुटुको रोगबाट ग्रसित | ५० हजार |
| ३ | दुर्गा देवी न्यौपाने वडा नं. ६ | टाउकोको शल्यक्रिया | ५० हजार |
| ४ | कविता ताजपुरिया वडा न ७ | बाँया किडनी फेल | ५० हजार |
| ५ | ऋतुराज सेडाँई वडा नं. ७ | ब्रेन ट्यूमर | ५० हजार |
| ६ | समिता लिम्बु वडा नं-९ | आन्द्रा र छालाको क्यान्सर | ५० हजार |
| ७ | दान बहादुर थापा वडा नं.-९ | ब्रेन ह्यामरेज | ५० हजार |

Scanned with CamScanner

६. **तलबी अध्ययन बिदा स्वीकृत गर्ने सम्बन्धमा।**

नेपाल सरकार स्वास्थ्य तथा जनसख्या मन्त्रालय, (स्वास्थ्य समन्वय महाशाखा) विकास सहायता समन्वय शाखाको पत्र संख्या २०८१/८२ च.नं.६६६ मिति २०८१/१०/२० गतेको पत्रानुसार यस रतुवामाई नगरपालिका अन्तर्गतको रतुवामाई नगर अस्पताल, झुर्कियामा अस्पताल नर्सिङ्ग निरिक्षक (छैठौं तह) पदमा कार्यरत श्री सम्झना रोका (क.स.नं.२१८२९४) लाई नेपाल सरकार (सचिव स्तर) को मिति २०८१/१०/२० गतेको निर्णयानुसार चिकित्सा शिक्षा आयोगको शौक्षिक बर्ष २०८१/८२ को स्नातक तह अध्ययनका लागि म्याचिङ भई पूर्वाञ्चल विश्वविद्यालय, स्कुल अफ हेल्थ साइन्सेज, गोठगाँउ, मोरङमा संचालन हुने BNS शौक्षिक कार्यक्रममा अध्ययन गर्नका लागि नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ३२(क) बमोजिम मनोनयन गरिएको हुदाँ कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा संचालन) ऐन, २०८० को दफा १२० को उपदफा (१), (२) र (४) बमोजिमको अध्ययन विदा ऐनको दफा १२४ बमोजिम स्वीकृत गर्ने।

७. **प्रशासकीय भवन सम्बन्धमा।**

यस नगरपालिकाको वडा नं. ७ स्थित निर्माण भईरहेको नगरपालिकाको प्रशासकीय भवनको घेराबारा निर्माण सम्बन्धमा छलफल गर्दा नगरपालिकाको नाममा दर्ता कायम भएको जग्गाको विवरण अनुसार उत्तर पश्चिम र दक्षिण तर्फ नक्सामा भए बमोजिम नै घेराबारा पर्खाल निर्माण गर्ने र पूर्वतर्फ बाटो प्रयोजनार्थको लागि अमिनको सिफारिस बमोजिम केही भाग छोडी पर्खाल बनाउने।

८. **सडक बोर्डको योजना सम्बन्धमा।**

सडक बोर्डबाट चालु आर्थिक वर्ष २०८१/०८२ को लागि प्राप्त भएको बजेटबाट विद्युतीय बोलपत्र आह्वान गरी सम्झौता भएको हुँदा उक्त शिर्षकमा सम्झौता गरी बाँकी रहेको मौज्दात बजेटबाट सोही सडकको निरन्तर हुने सडक "त्रिवेणी चोक देखि कमल खड्काको घर हुँदै मदन मार्ग जोड्ने सडक" को सडक बोर्डबाट कार्यक्रम स्वीकृत गराई सडक मर्मत तथा स्तरोन्नति हुने गरी पुन: योजना सञ्चालन गर्ने ।

९. **योजनाको रकम भुक्तानी सम्बन्धमा।**

यस नगरपालिका चा.व.२०८०/०८१ मा स्वीकृत भई सञ्चालन भएको देहायको योजना तथा कार्यक्रमहरु सम्झौता भई कार्य सम्पन्न हुन बाँकी रहेकोमा चालु आ.व.२०८१/०८२ मा कार्य सञ्चालन भई सम्पन्न भएको र हुने चरणमा रहेका योजनाहरु भूक्तानी दिन बाँकी रहेको निम्न बमोजिमको बजेट विनियोजन गरी नगरसभाबाट अनुमोदन हुने गरी भूक्तानी दिने।

| | |
|---|---|
| क. वि.पी.आधारभूत विद्यालय मिर्चाडाँगी कम्पाउण्ड घेरबारा निर्माण कार्य वडा नं ३ | रु. १ लाख |
| ख. सोनामाई पर्यटन पूर्वाधार निर्माण वडा नं. १ | रु. ३ लाख २० हजार |

१०. **जिल्ला समन्वय समितिको अनुदान मौज्दात रकम सम्बन्धमा।**

यस नगरपालिका कार्यालयको लागि जिल्ला समन्वय समितिको कार्यालय मोरङबाट आ.व.२०७८/०७९ मा स्वीकृत भएका विभिन्न योजनाहरुको कार्यसम्पन्न भई बाँकी रहेको मौज्दात रकम तपसिल बमोजिमको योजना तथा कार्यक्रम सञ्चालनका लागि जिल्ला समन्वय समितिको मौज्दात कोष सञ्चालन निर्देशिका २०७५ को दफा ८ बमोजिम रतुवामाई नगरपालिकाले बेहोर्नुपर्ने लागत साझेदारीको रकम बेहोर्ने प्रतिवद्धता सहित सिफारिस गर्ने।

Scanned with CamScanner

| | | |
|---|---|---|
| क. | श्री रत्नडिक विद्यालय भौतिक संरचना सुधार, रतुवामाई-९ | - २० लाख |
| ख. | श्री सिजुवा माध्यमिक विद्यालय भौतिक संचरना मर्मत संभार, रतुवामाई-७ | - १० लाख |
| ग. | श्री पाथिभरा आद्यारभूत विद्यालय, रतुवामाई-८ | -१० लाख |
| घ. | श्री डोरिया आधारभूत विद्यालय, रतवामाई-२ | -१५ लाख |
| ङ. | रतुवामाई नगरपालिका ८ नं वडा कार्यालय भौतिक पूर्वाधार निर्माण | -५० लाख |
| च. | रतुवामाई नगरपालिका २ नं. वडा कार्यालय भौतिक पूर्वाधार निर्माण | -१० लाख |
| छ. | रतुवामाई नगरपालिका १० नं वडा कार्यालय भौतिक पूर्वाधार निर्माण | -१५ लाख |

**११.उद्यम इनोवेसन आइडिया र स्टार्ट अप अनुदान कार्यक्रम (संचालन) कार्यविधी, २०८१ सम्बन्धमा।**

रतुवामाई नगरपालिकाको उद्यम इनोवेसन आइडिया र स्टार्ट अप अनुदान (संचालन) कार्यविधी, २०८१ विधेयक समितिबाट पेश भए बमोजिम पारित गर्ने निर्णय सर्वसम्मतिले गरियो।